रामप्रसादराई गाउँपालिका
Ramprasadrai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बैकुण्ठे, भोजपुर
Baikunthe, Bhojpur
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal
मोबाइल नं. ९८५२०७३८८८
मोबाइल नं. ९८५२०७३८९३
इमेल : ramprasadrai.rm@gmail.com
web: http://ramprasadraimun.gov.np

प.स./letter No.:२०८१/०८२
च.नं./ Ref No :

## अनुदानको रसायनिक मल विक्रेता छनौट तथा विक्रि वितरण निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित मितिः २०८१/०५/१८

प्रस्तुत विषयमा रामप्रसादराई गाउँपालिका कृषि विकास शाखामा आ. व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदानको रसायनिक मल वितरण निर्देशिका, २०७७ को परिच्छेद - ३ को दफा १५ अनुसार आ-आफ्नो स्थानीय तहहरुमा मल बिक्रेता छनौट गर्नु पर्ने भएकोले रामप्रसादराई गाउँपालिका भित्र भएका इच्छुक कृषि समूह/कृषि फर्म/सहकारी संस्था कम्पनीले मल विक्रि वितरण गर्न चाहेमा तपशिलका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा रामप्रसादराई गाउँपालिकाको कृषि विकास शाखामा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस विषयमा थप जानकारीको लागि ९७६२५१४४५०, ९८६२१४०६७३ मा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरु:**

१. कृषि समूह कृषि फर्म सहकारी संस्था कम्पनीको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
२. विगत २ दुई वर्षको लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
४. कृषि समूह कृषि फर्म सहकारी संस्था कम्पनीहरुको स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. अनुभव कार्य दक्षताको विवरण ।
६. नापतौल गर्ने मेसिन गोदाम घर तथा सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ।
७. समूह सहकारीको बैठक निर्णय प्रतिलिपि ।

..................
(अनन्त राई)
नि. प्रमुख प्रशासकीय अधिकृत